महालेखा परीक्षकको विभागको

सूचना १

श्री ५ को सरकारको मिति २०४३।६।३ को निर्णयानुसार लेखापरीक्षण सेवा, राजपत्राङ्कित द्वितीय श्रेणीका यस विभागका निर्देशक श्री दामोदर पौड्याल-लाई महालेखा परीक्षकको विभागको पदाधिकारीहरूसम्बन्धी नियमावली, २०१८ को नियम ७.२(२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२(१) बमोजिम मिति २०४३।७।१ देखि लागू हुने गरी स्वेच्छिक अवकाश दिइएको छ।

सूचना २

श्री ५ को सरकारको मिति २०४३।६।१० को निर्णयानुसार लेखापरीक्षण सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका यस विभागका लेखापरीक्षण अधिकारी श्री नानीकाजी वोगटीलाई महालेखा परीक्षकको पदाधिकारीहरूसम्बन्धी नियमावली, २०१८ को नियम ७.२ (२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२ (१) बमोजिम मिति २०४३।७।१ देखि लागू हुने गरी स्वेच्छिक अवकाश दिइएको छ।

सूचना ३

श्री ५ को सरकारको मिति २०४३।७।२१ को निर्णयानुसार श्री मीन-प्रसाद रेग्मीलाई लेखापरीक्षण सेवा, राजपत्राङ्कित तृतीय श्रणीको लेखापरीक्षण अधिकारी पदमा एक वर्षको परीक्षण कालमा रहने गरी मिति २०४३।७।२४ देखि नियुक्ति गरी यसै विभागमा पदस्थापना गरिएको छ।

सूचना ४

श्री ५ को सरकारको मिति २०४३।९।१५ को निर्णयानुसार श्री उद्धव-चन्द्र श्रेष्ठलाई लेखापरीक्षण सेवा, राजपत्राङ्कित तृतीय श्रेणीको लेखापरीक्षण अधि-कारी पदमा एक वर्षको परीक्षण कालमा रहने गरी मिति २०४३।९।२३ देखि नियुक्ति गरी यसै विभागमा पदस्थापना गरिएको छ।

आज्ञाले,
फत्यबहादुर सिलवाल
निर्देशक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।